प्राइम कमर्सियल बैंक लिमिटेड
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्था
रजिष्टर्ड केन्द्रीय कार्यालय : बागमती अञ्चल, काठमाडौं जिल्ला
काठमाडौं महानगरपालिका वडा नं.-२४,न्यूरोड
फोन नं ४-२३३३८८ फ्याक्स नं. ४२३३३९०
को

## तेश्रो बार्षिक साधारणसभा सम्बन्धी सूचना

**मिति २०६७/७/२९ (तद्नुसार १५ नोभेम्वर, २०१०) गते बसेको संचालक समितिको ९७ औं बैठकको निर्णयानुसार यस बैंकको तेश्रो बार्षिक साधारणसभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा** कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय :**

| | |
|---|---|
| सभा हुने मिति | : **२०६७/८/२१ गते, मंगलबार ( तद्नुसार ७ डिसेम्वर २०१०) ।** |
| **स्थान** | : **नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी ।** |
| **सभा शुरु हुने समय** | : **बिहान १०:०० बजे ।** |

**छलफलका विषयहरु :**

१. **आर्थिक वर्ष २०६६/६७ को संचालक समितिको प्रतिवेदन पारित गर्ने ।**

२. **लेखापरीक्षकको प्रतिवेदन सहित २०६७ आषाढ मसान्तको वासलात तथा मिति २०६६/४/१ देखि २०६७/३/३२ सम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह लगायतका विवरणहरु छलफल गरी स्वीकृत गर्ने ।**

३. **कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०६७/६८ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने(बैंक तथा वित्तीय संस्थासम्वन्धी ऐन,२०६३को दफा ६०(२) को प्रतिबन्धात्मक वाक्यांश अनुसार वर्तमान लेखापरीक्षक श्री बांस्कोटा एण्ड कम्पनी पुनः नियुक्त हुन सक्नु हुने छैन)**

४. **संचालक समितिले प्रस्ताव गरे बमोजिम प्रतिशेयर १०.५२६% नगद लाभांश (०.५२६% बोनस शेयरको लाभांश करको प्रयोजनको लागि) वितरण गर्ने स्वीकृति प्रदान गर्ने ।**

**५. बिशेष प्रस्तावहरु :**

क) **बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि गर्न हाल कायम रहेको चुक्ता पूँजी रु.१ अरब १० करोडको १० प्रतिशत बोनस शेयर जारी गर्ने ।**

ख) **बैंकको जारी पूँजी** रु. २,२०,००,००,०००/- **(दुई अरब बीस करोड) लाई बृद्धि गरी** रु. २,३१,००,००,०००/- **(दुई अरब एकतीस करोड) पुर्‍याउने ।**

ग) **बैंकको चुक्ता पूँजी** रु. २,२०,००,००,०००/- **(दुई अरब बीस करोड ) लाई बृद्धि गरी चुक्ता पूँजी** रु. २,३१,००,००,०००/- **(दुई अरब एकतीस करोड) पुर्‍याउन स्वीकृत गर्ने ।**

घ) **बैंकको प्रवन्धपत्र को दफा ६(ख),६(ग) तथा दफा ८(झ) तथा नियमावलीमा संशोधन सम्वन्धी प्रस्ताव पारित गर्ने । प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरवदल तथा सुझाव भएमा सो सुझाव बमोजिम आवश्यक फेरवदल गर्न बैंकको संचालक समिति वा संचालक समितिले तोकेको व्यक्ति लाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।**

६. **बिविध ।**

आज्ञाले
सन्तोष बराल
कम्पनी सचिव

**<u>साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु :</u>**

१. तेश्रो साधारण सभाको प्रयोजनको लागि बैंकको शेयर दाखिल खारेजको काम मिति २०६७/८/९ गते देखि **साधारण सभा सम्पन्न नहुन्जेल** सम्म बन्द रहनेछ र मिति २०६७ /८/८गते सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार भई २०६७ /८/१६ गतेसम्ममा बैंकको शेयर रजिष्ट्रार **सिभिल क्यापिटल कार्मेट्स लि**.काठमाण्डौ प्लाजा,कमलादीमा प्राप्त शेयरहरुमात्र साधारण सभा अधि नामसारी दाखिला खारेज गरिनेछ ।

२. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका **९ बजे देखि** खुल्ला रहने छ । हाजिरी जनाउने व्यबस्था गरिएको हुंदा शेयरधनी महानुभावले आफ्नो परिचय पत्र वा शेयर प्रमाण पत्र अनिवार्य रुपमा प्रस्तुत गरिदिनु हुन अनुरोध छ ।

३. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै ब्यक्ति हुने गरी प्रतिनिधि-पत्र (प्रोक्सी फाराम) भरी बैंकको केन्द्रीय कार्यालय तथा बैंकको शेयर **रजिष्ट्रार सिभिल क्यापिटल मार्केट लिमिटेडको कार्यालयमा** सभा शुरु हुनु भन्दा कम्तिमा ४८ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति बैंकको शेयरधनी हुनु अनिबार्य छ ।

४. एकै शेयरधनीले एकभन्दा बढि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नु भएको अवस्थामा “मैले यस अघि दिएको सबै प्रतिनिधि-पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिईयोस्” भनी छुट्टै पत्र लेखी पठाएको अवस्थामा अन्य सबै प्रतिनिधिहरु (प्रोक्सी) बदर भई सोही पत्र साथ प्राप्त प्रतिनिधि-पत्र ( प्रोक्सी) मात्र मान्य हुनेछ । सो बमोजिम नगरी एकै शेयरधनीले एक भन्दा बढी व्यक्तिलाई कुनै किसिमबाट बिभाजन गरी वा नगरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको पाईएमा त्यस्तो सबै प्रतिनिधि ( प्रोक्सी) बदर हुने छ ।

५. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी स्वयं सभामा उपस्थित हुन आएमा शेयरधनीले गरि दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

६. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

७. छलफलका बिषय सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको बिषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ ।

८. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा छाता, झोला वा त्यस्ता अन्य बस्तुहरु नलिई आउनु हुन अनुरोध गरिन्छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने भएको हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

९. साधारण सभा सम्वन्धी थप जानकारीको लागि बैंकको केन्द्रिय कार्यालय, नयाँसडक वा यस बैंकको शेयर रजिष्ट्रारको कार्य गर्ने सिभिल क्यापिटल मार्केट्स लि. काठमाण्डौ प्लाजा, कमलपोखरीमा सम्पर्क राख्नु हुन अनुरोध छ । साथै बैंकको वेव साइट <u>www.primebank.com.np</u> मा समेत हेर्न र डाउनलोड गर्न सकिनेछ ।